"हल्दीबारीको दृष्टि – कृषि र पर्यटन मार्फत समृद्धि"
हल्दीबारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जलथल, झापा
कोशी प्रदेश, नेपाल

पत्रसंख्या : २०८१।०८२(कृषि विकास शाखा)

**बिषय: गहुँको उन्नत बीउको प्रयोगमा मुल्य अनुदानका लागी माग निवेदन पेश गर्ने सम्बन्धी सूचना**

**सूचना नं. ०१-०८१/०८२**

**प्रथम पटक प्रकाशित सूचना मिति:-२०८१/०६/१६**

संघ,प्रदेश तथा स्थानीय तहको सम्बन्ध तथा सहकार्यमा गुणस्तरीय बीउ विजनको उत्पादन आपुर्ति तथा वितरण प्रणालीको सुदृढ बनाउन र उन्नत बीउ उपयोग तथा स्वदेशी जातको बीउ प्रवर्द्धन गर्न स्वीकृत बीउविजन उत्पादन आपुर्ति तथा व्यवस्थापन निर्देशिका २०७८ बमोजिम चालु आ.व. २०८१/०८२ मा सङ्घीय शसर्त बजेट मार्फत कार्यक्रम र बजेट विनियोजन भए मध्ये यस गाउँपालिका मार्फत सञ्चालन हुने उन्नत बीउ प्रयोगमा मूल्य अनुदान कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समुह /कृषि सहकारी र उद्यमी कृषकहरुले आवश्यक गहुँको उन्नत बीउको प्रयोगमा मुल्य अनुदान लिनका लागी यो सूचना प्रकाशित भएको मितिको १५औं ( मिति २०८१/०६/१६ देखि २०८१/०६/३० गते सम्म) दिन भित्र सम्बन्धित वडा कार्यालय वा यस पालिकाको कृषि विकास शाखामा संलग्न माग निवेदन बमोजिम पेश गर्नुहुन सुचित गरिन्छ । साथै रित पुगी वा म्याद नाघी प्राप्त हुन आएका माग निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ ।

**तपशील**

| सि.न | कार्यक्रमको नाम | बीउको स्तर | जात | कृषकहरुलाइ उपलब्ध हुने प्रोत्साहन अनुदान प्रति के.जी |
|---|---|---|---|---|
| १ | गहुँको उन्नत बीउ उपयोगमा मूल्य अनुदान कार्यक्रम | उन्नत | विजय,गौतम, एन.एल. ९७१, तिलोतमा, वि.एल. ४३४१, आदित्य, वाणगङ्गा, जिङ्क १, जिङ्क २ | बीउविजन उत्पादन आपुर्ति तथा व्यवस्थापन निर्देशिका २०७८ को दफा (१०) उपदफा (५) को खण्ड (छ) (ज) र (झ) अनुसार मुल्यको ५० % अनुदानमा |

**आवश्यक कागजातहरु**

यसै साथ संलग्न माग निवेदन भरि तपशील बमोजिम कागजातहरु पेश गर्नुपर्नेछ ।

१. नागरिकताको प्रतिलिपी
२. निवेदकको नागरीकता र जग्गा धनिपुर्जा प्रमाणपत्रको प्रतिलिपि भाडा वा अधिया ठेक्का लिएको भए सम्झौतापत्र साथै मालपोत तिरेको रसिदको प्रतिलिपि
३. समुह वा संस्थाको हकमा दर्ता तथा नविकरण प्रमाणपत्र साथै PAN वा VAT प्रमाणपत्रको प्रतिलिपी
४. समुह वा संस्थाको बैठकको निर्णयको प्रतिलिपि साथै कार्यक्रम कार्यान्वयन गर्ने अख्तियारी निर्णय
५. आ.व २०८०/०८१ को करचुक्ताको प्रतिलिपि

थप जाकारीका लागी कृषि विकास शाखा वा वडा कार्यालयमा सम्बन्धित कृषि प्राविधिकसँग सम्पर्क गर्नुहुन । ९८०४९९१७२,९८०३५२१४२८

१ नं. वडाको लागि ९७०८१७४०५६
२ नं. वडाको लागि ९७०७७६६१४६
३,४ र ५ नं. वडाको लागि ९८०६०९३४२४

**बोधार्थ**

श्री सूचना प्रविधि शाखा-वेबसाईटमा अपलोड गर्न हुन ।

२०८१/०६/१६

मान ब. वन (महेन्द्र)
प्रमुख प्रशासकीय अधिकृत

Website : www.haldibarimun.gov.np Email : haldibariruralmunicipality123@gmail.com

Scanned with CamScanner

"हल्दीबारीको दृष्टि – कृषि र पर्यटन मार्फत समृद्धि"

हल्दीबारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जलथल, झापा

कोशी प्रदेश, नेपाल

पत्रसंख्या : २०८१।०८२(कृषि विकास शाखा)

**बिषय: तोरीको उन्नत बीउको प्रयोगमा मुल्य अनुदान कार्यक्रमका लागि माग विवरण पेश गर्ने सम्बन्धी सूचना**

**सूचना नं. ०२/०८१-०८२**

**प्रथम पटक प्रकाशित सूचना मिति:-२०८१/०६/१६**

यस कार्यालय अन्तरगत कृषि विकास शाखाको चालु आ.व. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार तोरी बालीको उन्नत बीउ प्रयोगमा मूल्य अनुदानमा बीउ बितरण कार्यक्रम सञ्चालन गरिने भएकोले उन्नत तोरी बीउ लगाउन इच्छुक कृषक समुह/कृषि सहकारी र उद्यमी कृषकहरुबाट माग निवेदन पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मिति १५औं (२०८१/०६/१६ गते देखि २०८१/०६/३० गते सम्म) दिन भित्र सम्बन्धित वडा कार्यालयमा वा यस पालिकाको कृषि विकास शाखामा कृषि विकास तथा कृषि प्रसार कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७९ को अनुसूचि (२क) बमोजिम (अनुसूचि-३) को ढाँचामा आवश्यक कागजातहरु सहित यसैपत्र साथ संलग्न माग विवरण पेश गर्नुहुन। रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका माग निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ।

**तपशील**

| सि.न | कार्यक्रमको नाम | बीउको स्तर | जात | कृषकहरुलाइ उपलब्ध हुने मूल्य अनुदान प्रति के.जी |
|---|---|---|---|---|
| १ | तोरीको उन्नत बीउ प्रयोगमा मूल्य अनुदान कार्यक्रम | उन्नत | मोरङ-२, प्रीति, उन्नति, प्रगति | कृषि विकास तथा कृषि प्रसार कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७९ को ४.१ अनुसार मुल्यको ५० % अनुदानमा |

**आवश्यक कागजातहरु**

यसै साथ संलग्न माग निवेदन भरि तपशील बमोजिम कागजातहरु पेश गर्नुपर्नेछ।

१. नागरिकताको प्रतिलिपी
२. निवेदकको नागरीकता र जग्गा धनिपुर्जा प्रमाणपत्रको प्रतिलिपि भाडा वा अधिया ठेक्का लिएको भए सम्झौतापत्र साथै मालपोत तिरेको रसिदको प्रतिलिपि
३. समुह वा संस्थाको हकमा दर्ता तथा नविकरण प्रमाणपत्र साथै PAN वा VAT प्रमाणपत्रको प्रतिलिपी
४. समुह वा संस्थाको बैठकको निर्णयको प्रतिलिपि साथै कार्यक्रम कार्यान्वयन गर्ने अख्तियारी निर्णय
५. समुह वा संस्थाको आ.व २०८०/०८१ को करचुक्ताको प्रतिलिपि
६. कृषक उद्यमीको हकमा कम्तिमा २ कठ्ठा जग्गाको धनीपूर्जाको प्रतिलिपी
७. सम्बन्धित वडा कार्यालयको सिफारिस(कृषि विकास शाखामा माग निवेदन पेश गर्न आएमा) गर्नुपर्नेछ।

थप जाकारीका लागी कृषि विकास शाखा वा वडा कार्यालयमा सम्बन्धित कृषि प्राविधिकसँग सम्पर्क गर्नुहुन ।

९८०८४९९१७२,९८०३५२१४२८

१ नं. वडाको लागि ९७०८१७४०५६

२ नं. वडाको लागि ९७०७७६६१४६

३,४ र ५ नं. वडाको लागि ९८०६०९३४२४

**बोधार्थ**

श्री सूचना प्रविधि शाखा-वेबसाईटमा अपलोड गर्न हुन।

२०८१/०६/१६

**मान ब. वन (महेन्द्र)**
**प्रमुख प्रशासकीय अधिकृत**



Scanned with CamScanner

अनुसूचि-३

(दफा ४ को उपदफा ४.१.२.संग सम्बन्धित)

मिति २०८१/ /

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु
हल्दीबारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जलथल,झापा

विषयः- उन्नत गहुँ बीउ वितरण कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गरेको बारे ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति २०८१/ / को सूचना अनुसार मूल्य अनुदानमा सञ्चालन हुने गहुँको उन्नत बीउ बितरण (मूल्य अनुदान) कार्यक्रममा सहभागी हुन इच्छुक भएकाले तहाँ कार्यालयको लागत साझेदारी तथा शर्तहरुको अधिनमा रहि उक्त सञ्चालन गर्न निम्न बमोजिमका कागजातहरु यसै पत्र साथ संलग्न गरी यो प्रस्ताव पेश गरेको छु ।

**संलग्न कागजातहरु**

१. तोकिए (अनुसूचि ३) को ढाँचामा माग निवेदन
२. तोकिए (अनुसूची २ क) को ढाँचामा माग फारम
३. संलग्न निवेदनका साथ संस्था दर्ता वा नविकरण भएको प्रमाण पत्र र स्थायी लेखा नम्बरको प्रतिलिपी
४. निवेदकको नागरीकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपी
५. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपी
६. कार्यसमितिको निर्णय प्रतिलिपी(समुह सहकारीको हकमा) र वडा कार्यालयको सिफारिस पत्र
७. कुल लागतको ५० प्रतिशत सम्बन्धित लाभग्राहीले ब्यहोर्ने गरी प्रतिबद्धता पत्र

नाम
दस्तखत
ठेगाना
सम्पर्क नं.

Scanned with CamScanner

अनुसूचि-२ क

(दफा ४ को उपदफा ४.१.२ संग सम्बन्धित)

धान/गहुँ/तोरी उत्पादन कार्यक्रममा अनुदान माग फारम

कृषक/कृषक समुह/कृषि सहकारी/कृषक उद्यमीको नामः-

ठेगानाः-

अध्यक्ष वा सम्पर्क ब्याक्तिको नाम सम्पर्क नं. आ.व २०८१/०८२

| क्र.स | संस्था वा कृषकको नाम | ठेगाना | जम्मा क्षेत्रफल (हेक्टर वा विघामा) | बालीको नाम र जात | बाली लगाउने क्षेत्रफल (हेक्टर वा विघामा) | माग परिमाण (के.जी) | बीउको स्तर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

माग गर्ने दस्तखतः-

समुह/सहकारीको हकमा संस्थाको छाप

मिति

Scanned with CamScanner